**आशय पत्रको विस्तृत विवरण : सुदूरपश्चिम प्रदेश**

| | |
|---|---|
| आवेदन नम्बर | २०२४–०२ |
| आशय पत्रको शिर्षकः | यूएसएआइडी एकीकृत पोषण |
| आशय पत्र बुझाउने अन्तिम मिति र समयः | २०८१ साल भदौ ३१ गते, साँझ ५:०० बजेभित्र |

Helen Keller Intl invites expressions of interest (EOI) from qualified partner Non-Governmental Organizations (NGOs) in Darchula, Baitadi, Bajhang, Dadeldhura, Doti, Achham, Bajura, Kanchanpur and Kailali districts of Sudurpaschim Province for the implementation of the multi-year USAID Integrated Nutrition Activity. Helen Keller intends to identify potential partners capable of conducting the activities outlined below. The Expression of Interest is the first phase of the process which may result in successful organizations being awarded either a cost reimbursement or fixed amount subawards.

हेलेन केलर इन्टरनेसनलले सुदूरपश्चिम प्रदेशका दार्चुला, बैतडी, बझाङ, डडेल्धुरा, डोटी, अछाम, बाजुरा, कञ्चनपुर र कैलाली जिल्लामा यूएसएआइडी एकीकृत पोषण परियोजनाका विविध क्रियाकलापहरू सञ्चालन गर्न सक्ने सक्षम सम्भावित साझेदारहरूको पहिचानका लागि स्थानीय गैर-सरकारी संस्थाहरू (NGOs) मार्फत आशय पत्र (EOI) को आवेदनका लागि आह्वान गर्दछ । पहिलो चरणमा आशय पत्रको आवेदन प्रक्रियामार्फत सक्षम सम्भावित स्थानीय गैर-सरकारी संस्था पहिचान गरिनेछ । यस प्रक्रियाबाट छनोट भएका संस्थालाई मात्र लागत प्रतिपूर्ति (cost reimbursement) वा निश्चित रकम (fixed amount) सबअवार्ड प्रदान गरिनेछ ।

Applicants are encouraged to read this EoI in its entirety (including all attachments), paying specific attention to the instructions and requirements included herein. Issuance of this request for expressions of interest does not, in any way, obligate Helen Keller International to issue a subaward, nor does it commit Helen Keller International to pay for costs incurred in the preparation and submission of an Expression of Interest.

आवेदक संस्थाहरूलाई यस आशय पत्रमा संलग्न अनुसूची सहितका दस्तावेजमा उल्लिखित निर्देशनहरू पूर्ण रूपमा गहनताका साथ अध्ययन गर्न प्रोत्साहित गरिन्छ। यो आशय पत्र जारी गर्दा हेलेन केलर इन्टरनेशनललाई कुनै पनि प्रकारको सबअवार्ड जारी गर्न बाध्य पार्दैन। साथै, कुनै पनि अवस्थामा आशय पत्र तयार गर्दा र पेश गर्दा लाग्ने लागत ब्योहोर्ने छैन।

## I. <u>OVERVIEW</u>

Helen Keller International (Helen Keller Intl), an international non-governmental organization (headquartered in New York, NY, USA), with offices in Nepal including in Kathmandu, intends to enter multiple subawards for comprehensive implementation of the program entitled, “USAID Integrated Nutrition”. This is a call for EoI, and we

welcome interested organizations to review the description of work and criteria that follows.

**सामान्य विवरण**

हेलेन केलर इन्टरनेसनल एक अन्तर्राष्ट्रिय गैर-सरकारी संस्था हो जसको मुख्यालय न्यूयोर्क, अमेरिकामा रहेको छ भने नेपालमा यसको कार्यालय काठमाडौंमा रहेको छ। यो आशय पत्रको आह्वान यूएसएआइडी एकीकृत पोषण परियोजनाको कार्यान्वयनका लागि गरिएको हो, त्यसैले हामी इच्छुक संस्थाहरूलाई तल दिइएको कामको विवरण र मापदण्डलाई गहन रूपमा अध्ययन गर्न अनुरोध गर्दछौं।

USAID Integrated Nutrition is an at scale multisectoral program that aims to improve the nutrition status of women, children, and adolescents in Nepal's underserved and marginalized communities through inclusive and sustainable nutrition programming. This project tackles direct and underlying determinants of malnutrition in Nepal, while strengthening the national and sub-national enabling environment. USAID Integrated Nutrition directly engages with diverse partners at federal, province, and local levels to reduce persistent inequities in health and nutrition services in Nepal, while strengthening the enabling environment for nutrition and building capacity and ownership at local level to implement multisectoral nutrition programs.

यूएसएआइडी एकीकृत पोषण एक बृहतस्तरको बहु-क्षेत्रीय कार्यक्रम हो, जसले समावेशी र दिगो पोषण कार्यक्रममार्फत् विषमतामा रहेका सीमान्तकृत एवम् जोखिममा परेका समुदायहरूमा महिला, बालबालिका, र किशोरीहरूको पोषण स्तर सुधार गर्न लक्ष्य राखेको छ । यस परियोजनाले नेपालमा कुपोषणका प्रत्यक्ष र आधारभूत कारणहरूलाई सम्बोधन गर्दछ, साथै तीनै तहमा समर्थ बनाउने वातावरण लागि काम गर्दछ, साथै नेपालमा स्वास्थ्य र पोषण सेवाहरूमा विद्यमान असमानताहरूलाई घटाउन संघीय, प्रदेश, र स्थानीय स्तरमा विभिन्न साझेदारहरूसँग प्रत्यक्ष रूपमा काम गर्दछ । पोषणका लागि समर्थ बनाउने वातावरणलाई सुदृढ गर्दै स्थानीय स्तरमा बहु-क्षेत्रीय पोषण कार्यक्रमहरू कार्यान्वयन गर्न क्षमता विकास र स्वामित्व निर्माण पहल गर्दछ ।

**Goal:** To improve the nutritional status of women, adolescents, and children in Nepal's underserved and marginalized communities

**लक्ष्य:** विषमतामा रहेका सीमान्तकृत एवम् जोखिममा परेका समुदायहरूमा महिला, बालबालिका, र किशोरीहरूको पोषण स्तर सुधार गर्नु ।

**Intermediate Result 1: Improved household nutrition practices**

- Households adopt essential nutrition actions, including maternal nutrition, infant and young child feeding and family planning
- Households adopt WASH and other environmental actions
- Increased household support for nutrition needs of female family members and childcare

**"Nepali translation is unofficial. In case of any dispute, the requirements and conditions written in English will prevail."**

**अन्तरिम नतिजा १: घरपरिवारको पोषण अभ्यासमा सुधार**

- घरपरिवारले मातृ पोषण, शिशु र बाल्यकालिन आहार, र परिवार नियोजन सहितका आवश्यक पोषण कार्यहरू अपनाउनेछन् ।
- घरपरिवारले स्वच्छता र अन्य वातावरणीय क्रियाकलापहरू अपनाउनेछन् ।
- घरपरिवारले महिला परिवार सदस्यहरूको पोषण आवश्यकताहरू र बाल हेरचाहको लागि सहयोग गर्नेछन् ।

**Intermediate Result 2: Improved quality and coverage of nutrition services**

- Increased availability and access to high-quality nutrition-specific and nutrition-sensitive services and MCHN/FP commodities for women
- Strengthened adolescent nutrition services provided by the health and education sector
- Expanded availability and access to high-quality nutrition services for infants and children under five years of age

**अन्तरिम नतिजा २: पोषण सेवाहरूको गुणस्तर र पहुँचमा सुधार**

- महिलाहरूको लागि उच्च गुणस्तरका पोषण-विशेष र पोषण-संवेदनशील सेवाहरू, र मातृ, शिशु, र किशोरी स्वास्थ्य तथा परिवार नियोजन (MCHN/FP) सामाग्रीहरूको उपलब्धता र पहुँचमा वृद्धि हुनेछ।
- स्वास्थ्य र शिक्षा क्षेत्रबाट प्रदान गरिने किशोरी पोषण सेवाहरूको सुदृढीकरण हुनेछ।
- पाँच वर्ष मुनिका शिशुहरू र बालबालिकाहरूको लागि उच्च गुणस्तरका पोषण सेवाहरूको उपलब्धता र पहुँचमा विस्तार हुनेछ।

**Intermediate Result 3: Improved access to safe, diverse, and nutritious foods**

- Increased and sustained local food production of nutrient-rich foods
- Increased income leads to improved diets
- Increased year-round availability of and access to safe and nutrient-rich foods

**अन्तरिम नतिजा ३: सुरक्षित, विविध र पौष्टिक खानामा सुधारिएको पहुँच**

- पोषणयुक्त खाद्य पदार्थहरूको स्थानीय खाद्य उत्पादनमा वृद्धि र दिगो हुनेछ ।
- प्रयाप्त आम्दानीले आहारमा सुधार ल्याउँनेछ ।
- सुरक्षित र पोषक तत्वयुक्त खाना वर्षभरि उपलब्धता र पहुँचमा वृद्धि भएको हुनेछ ।

**Intermediate Result 4: Strengthened national and subnational government capacity for multi-sectoral nutrition programming**

- Strengthened policy enabling environment to ensure sustained commitment to, and resources for nutrition programs.
- Enhanced human resource capacity to implement nutrition specific and sensitive interventions.

- Integrated management information and reporting system for national nutrition data to improve data measurement and analysis to inform Nepal's nutrition priorities and provide data for MSNP accountability.
- Strengthened multi-sectoral coordination at federal, provincial, and local government levels.

**अन्तरिम नतिजा ४: बहुक्षेत्रीय पोषण कार्यक्रमको लागि संघ, प्रदेश र स्थानीय सरकारको क्षमता सुदृढ**

- पोषण कार्यक्रमहरूको लागि दिगो प्रतिबद्धता र स्रोतहरू सुनिश्चित गर्न समर्थ बनाउने वातावरणलाई सक्षम बनाउने नीतिलाई बलियो बनाइएको हुनेछ।
- पोषण विशिष्ट र संवेदनशील हस्तक्षेपहरू लागू गर्न मानव संसाधन क्षमतामा वृद्धि भएको हुनेछ ।
- नेपालको पोषण प्राथमिकताहरू सूचित गर्न र MSNP ले यकिन गरेको सरचनाहरुको जवाफदेहिता अभिबृद्दिका लागि डाटा उपलब्ध गराउन तथ्याक मापन र विश्लेषण सुधार गर्न राष्ट्रिय पोषण तथ्याङ्कको लागि एकीकृत व्यवस्थापन सूचना र प्रतिवेदन प्रणाली सवल भएको हुनेछ ।
- संघ, प्रदेश र स्थानीय तहमा बहुक्षेत्रीय समन्वय सुदृढ भएको हुनेछ ।

## II. ELIGIBILITY CRITERIA

All interested organizations must meet the eligibility criteria specified in this Request for Expressions of Interest. The EoI may be submitted in either Nepali or English language. Applicant organizations must comply with relevant donor regulations and requirements of Helen Keller for the furtherance of EoI review.

**पुर्वयोग्यताको मापदण्ड**

आशय पत्रको आवेदन पेश गर्न इच्छुक सबै संस्थाहरूले यस दस्तावेजमा निर्दिष्ट पुर्वयोग्यताको मापदण्ड पूरा गर्नुपर्दछ । आशय पत्रको आवेदन नेपाली वा अंग्रेजी कुनै एक भाषामा पेश गर्न सकिन्छ । आवेदन गर्ने संस्थाहरूले यूएसएआइडी र हेलन केलर ईन्टरनेशनलले तय गरेको पुर्वयोग्यताको मापदण्डको परिपालना गरेको अवस्थामा मात्र प्राविधिक प्रस्ताव मूल्याङ्कनको चरण अघि बढ्नेछ ।

1. **Legally Registered:** The applicant should be a legally registered in same district as required by Nepal law.  The applicant must also be legally authorized to work in a specific district in the activities mentioned in the EoI. Applicants must provide and attach a copy of their registration documentation (SWC and District Registration, IRD Registration-PAN/VAT, and Renewed Tax Clearance Certificate).

**संस्था दर्ता तथा आवद्दतता**: आशय पत्रको आवेदन पेश गर्न इच्छुक सबै संस्थाहरूले नेपालको कानून अनुसार सोही जिल्लामा दर्ता भई आशय पत्रमा उल्लेख भएको क्रियाकलापहरु सञ्चालन गर्न कानूनी रूपमा अधिकार प्राप्त गरेको हुनुपर्दछ । आवेदनका साथ निम्नानुसार कागजातहरु पेश गर्नुपर्नेछ ।

- संस्था दर्ता प्रमाण पत्र नविकरण सहितको प्रतिलिपि
- समाज कल्याण परिषद्को आवद्दता प्रमाण पत्रको नविकरण सहितको प्रतिलिपि
- स्थायी लेखा नम्वर प्रमाण पत्रको प्रतिलिपि
- आर्थिक बर्ष २०७९/८० को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि

2. **Technical Capacity:** The applicant should possess experience in managing and implementing multisectoral projects, especially in health, nutrition and social sectors. Applicants should attach a copy of their past performance record and a list of relevant health and nutrition projects, as well as an organizational history.

   **प्राविधिक क्षमता**: आवेदक संस्थासँग स्वास्थ्य, पोषण, र सामाजिक क्षेत्रमा बहुक्षेत्रीय परियोजना व्यवस्थापन र कार्यान्वयन गरेको अनुभव हुनुपर्छ। आवेदक संस्थाहरूले आफ्नो विगतको सम्पादन गरेका कामको अभिलेख र स्वास्थ्य तथा पोषण सम्बन्धित परियोजनाहरूको सूची सहित विगतमा गरेका क्रियाकलापहरुको विवरण उल्लेख गर्नुपर्नेछ ।

3. **Operational Capacity:** The applicant should provide details on years of operation, size of annual operating budget, financial audit track record, list of any board member names and existing staff.

   **कार्य सञ्चालन क्षमता:** आवेदक संस्था सञ्चालनमा रहेको वर्ष, वार्षिक सञ्चालन बजेटको आकार, वित्तीय लेखापरिक्षणको ट्र्याक रेकर्ड, बोर्ड सदस्यहरूको नामथर, ठेगाना, योग्यता सहितको सूची, र कार्यरत कर्मचारीहरूको विवरण पेश गर्नु पर्नेछ ।

4. **Conflict of Interest:** The applicant's other relationships, associations, activities, and interests should not create a conflict of interest that could prevent full impartiality in implementation of the proposed subaward activities. Applicants must complete the attached Conflict of Interest Certification.

   **स्वार्थको द्वन्द्व:** आवेदक संस्थाका अन्य सम्बन्ध, संलग्नता, गतिविधि, र अभिरुचीले प्रस्तावित सवअवार्ड गतिविधिहरूको कार्यान्वयनमा पूर्ण निष्पक्षता रोक्न सक्ने कुनै स्वार्थको द्वन्द्व सिर्जना गर्नु हुँदैन। आवेदक संस्थाहरूले यसैसाथ संलग्न स्वार्थको द्वन्द्व प्रमाणपत्रमा सहिछाप गरेको हुनुपर्दछ ।

Note: Helen Keller Intl will not issue a subaward to any firm that is debarred, suspended, or proposed for debarment by the U.S. Government, or who proposes to do business with firms or firms' principals who are debarred, suspended, or proposed for debarment, in the performance of any proposed subaward relationship.

नोट: हेलन केलर ईन्टरनेशनलले अमेरिकी सरकारद्वारा प्रतिबन्धित, निलम्बित, वा प्रतिबन्धको लागि प्रस्तावित भएको संस्था वा आवेदक संस्थाका प्रमुखहरूलाई प्रतिबन्धित, निलम्बित, वा प्रतिबन्धको लागि प्रस्ताव गरिएको अवस्था भएमा त्यस्ता कुनै पनि संस्थासँग सबअवार्ड जारी गर्ने छैन ।

## III. REQUIRED APPLICATION FORMAT AND CONTENT

**All Expressions of Interest application submissions must comply with the following format requirements:**

- Nepali or English language only
- Font and size: Calibri or Preeti 11pt or larger
- Line space: Single space (1pt)
- Include the organization name, date, and page number as a header or footer throughout the document.

III. आवश्यक आवेदन ढाँचा र सामग्री

आशय पत्रको आवेदन पेश गर्दा आवेदक सस्थाले पालना गर्नुपर्ने ढाँचा:

- आवेदन नेपाली वा अंग्रेजी भाषामा मात्र पेश गर्नुपर्ने
- फन्ट र आकार: अंग्रेजी भाषामा Calibri 11pt वा ठूलो र नेपाली भाषामा Preeti 14pt वा ठूलो
- लाइन स्पेस: एकल स्पेस (1pt)
- आशय पत्रको आवेदनका प्रत्येक पेजमा संस्था नाम, मिति, र पृष्ठ नम्बर हेडर वा फुटरको रूपमा समावेश गर्नुपर्नेछ।

**The complete application shall consist of the items listed and detailed below. All sections must be completed.**

### 1) COVER PAGE (1 Page)

Please include the following information on the cover page

- Full name of the organization
- Name of project: USAID Integrated Nutrition
- Date of submission to Helen Keller Intl
- Organization Contact person name, Designation, Contact Information

आवेदन तयार गर्दा निम्नानुसारको विवरण क्रमश समावेश गरिनुपर्छ। सबै खण्डहरू अनिवार्य छन्।

1. आवरण पृष्ठ (१ पृष्ठमात्र) कृपया आवरण पृष्ठमा निम्न जानकारी समावेश गर्नुहोस्:
2. संस्थाको पूरा नाम
3. परियोजनाको नाम: यूएसएआइडी एकीकृत पोषण परियोजना
4. हेलेन केलर इन्टरनेसनलमा पेश गरेको मिति
5. संस्थाको सम्पर्क व्यक्तिको नाम, पद, सम्पर्क विवरण

## 2) RESPONSE TO QUESTIONS (maximum 4 Pages)

निम्न प्रश्नहरूको उत्तर अधिकतम ४ पृष्ठमा लेख्नुहोस् ।

**Key Barriers and Challenges to Addressing Malnutrition: Nature, Magnitude, and Causes**

Provide a detailed analysis of the key barriers and challenges related to malnutrition in your proposed district, with a specific focus on vulnerable groups. Emphasize the nature, magnitude, and causes of malnutrition that USAID Integrated Nutrition should prioritize, highlighting their significance for underserved and vulnerable populations. Identify the gaps your intervention seeks to address, particularly those impacting the most at-risk groups.

**कुपोषणको समाधान गर्न मुख्य बाधाहरू र चुनौतीहरू: कुपोषणको प्रकृति, परिमाण, र कारणहरू**

प्रस्तावित जिल्लामा विशेषगरी कमजोर समूहहरूमा केन्द्रित भएर कुपोषणसँग सम्बन्धित मुख्य बाधाहरू र चुनौतीहरूको विस्तृत विश्लेषण गर्नुहोस् । यूएसएआइडी एकीकृत पोषण परियोजनाले कमजोर र सेवाबाट वञ्चित जनसंख्यामा विद्यमान कुपोषणको प्रकृति, परिमाण, र कारणहरूलाई सम्बोधन गर्न कसरी प्राथमिकतासाथ काम गर्नुपर्दछ सो बारेमा उजागर गर्नुहोस् । आवेदक संस्थाले प्रस्तावित जिल्लामा विशेषगरी सबैभन्दा बढी जोखिम सामना गरिरहेका समुहमा पहिचान भएको पोषण रिक्तता परिपुर्ति गर्न के कस्ता हस्तक्षेप (intervention) मार्फत सम्बोधन गर्न खोजेको हो सो को बारेमा उल्लेख गर्नुहोस् ।

**Nutrition-Related Problems and Proposed Solutions:** Describe three major nutrition-related issues in your district, such as breastfeeding practices, maternal and child dietary diversity, child wasting, drinking water quality, or child marriage, homestead food production and food security, access to nutrition and health services. Explain how USAID Integrated Nutrition should address these problems. Highlight at least one innovative approach for each problem.

**पोषणसँग सम्बन्धित समस्याहरू र प्रस्तावित समाधानहरू:** प्रस्तावित जिल्लामा रहेको स्तनपान अभ्यास, मातृ र बाल आहार विविधता, बाल कुपोषण, पिउने पानीको गुणस्तर, बाल विवाह, घरायसी खाद्य उत्पादन तथा खाद्य सुरक्षा, पोषण र स्वास्थ्य सेवामा पहुँच अन्य **तीन प्रमुख पोषणसँग सम्बन्धित मुद्दाहरू** वर्णन गर्नुहोस् । त्यस्ता समस्याहरूलाई यूएसएआइडी एकीकृत पोषण परियोजनाले कसरी समाधान गर्नुपर्छ भन्ने व्याख्या गर्नुहोस्। प्रत्येक समस्याको लागि कम्तीमा एउटा **नवीनतम दृष्टिकोण** उल्लेख गर्नुहोस्।

**Support for Underserved and Vulnerable Groups**: Identify vulnerable and underserved groups in your district and describe the additional support they might need to address the nutrition-related problems identified. Highlight at least one innovative approach tailored to these groups.

**सेवाबाट वञ्चित र कमजोर समूहहरूको लागि सहयोग:** प्रस्तावित जिल्लामा रहेका कमजोर र सेवाबाट वञ्चित समूहहरूको पहिचान गर्नुहोस् र पहिचान गरिएका पोषणसँग सम्बन्धित समस्याहरूलाई

समाधान गर्न उनीहरूले आवश्यक पर्ने थप सहयोगको वर्णन गर्नुहोस् । यी समूहहरूका लागि उपयुक्त कम्तीमा एउटा **नवीनतम दृष्टिकोण** उल्लेख गर्नुहोस् ।

**Organizational Capacity and Suitability:** Describe why your organization is best placed to implement this program to achieve the best results. Highlight your organization's unique strengths, experience, and capabilities that make it well-suited to address the identified challenges and deliver effective solutions for underserved populations.

**संगठनात्मक क्षमता र उपयुक्तता:** यूएसएआइडी एकीकृत पोषण परियोजना कार्यान्वयन गर्न तपाईको संस्था सबैभन्दा उपयुक्त किन छ भनेर वर्णन गर्नुहोस् जसले उत्कृष्ट परिणामहरू प्राप्त गर्न सक्छ। तपाईको संस्थाको विशेष/फरक सवल पक्ष, अनुभव, र क्षमताहरूलाई उल्लेख गर्नुहोस् जसले सेवाबाट वञ्चित जनसंख्याका लागि पहिचान गरिएका चुनौतीहरूको समाधान गर्न र प्रभावकारी समाधानहरू प्रदान गर्न उपयुक्त छ।

**3) APPENDICES:**

अनुसूचीहरु:

Please include any attachments mentioned in the eligibility criteria section here.

योग्यता मापदण्ड खण्डमा उल्लेखित सबै दस्तावेजहरु अनुसूचीमा समावेश गर्नुहोस् ।

## IV. <u>SUBMISSION DETAILS</u>

EOI Applications must be submitted by email to USAIDIntegratedNutrition@hki.org. Email submissions must include the applicant's name and the title of the EOI in the subject line heading. Each email must not exceed 10MB in size.

All EOIs must be received no later than September 16, 2024, at 5:00 PM Nepal Local Time.

If you have questions about any part of this Request for Application, please send an e-mail to USAIDIntegratedNutrition@hki.org.

Selected first round organizations will be invited to deliver a presentation to the USAID Integrated Nutrition team within 45 days or earlier. Following this, one shortlisted applicant for each district will be invited to submit a full application.

**आवेदन गर्दा पालना गर्नुपर्ने**:

आशय पत्रको आवेदन USAIDIntegratedNutrition@hki.org मा आधिकारिक ईमेल मार्फत् पेश गर्नपर्दछ । ईमेलको विषय खण्डमा आवेदक संस्थाको नाम र EOI को शीर्षक विषयमा उल्लेख गर्नुपर्छ। प्रत्येक ईमेलको आकार १० एमबी भन्दा बढी हुनु हुँदैन ।

सबै आशय पत्रहरू **मिति २०८१ भाद्र ३१ गते साँझ ५:०० बजे**, नेपाली स्थानीय समयभित्र पेश गरिसक्नु पर्नेछ । तोकिएको समय भन्दा ढिलो प्राप्त भएका आवेदन उपर मुल्याङ्कन हुनेछैन ।

**"Nepali translation is unofficial. In case of any dispute, the requirements and conditions written in English will prevail."**

यस आवेदन अनुरोधको कुनै पनि भागको बारेमा प्रश्न भएमा, कृपया USAIDIntegratedNutrition@hki.org मा ईमेल पठाउनुहोस् ।
पहिलो चरणमा चयन भएका संस्थाहरूलाई ४५ दिन भित्र वा यसभन्दा पहिले यूएसएआइडी एकीकृत पोषण परियोजनाका टोलीलाई प्रस्तुति दिन आमन्त्रित गरिनेछ। यसपछि, प्रत्येक जिल्लाका लागि एक संक्षिप्त सूचीमा परेका आवेदकहरूलाई पूर्ण आवेदन पेश गर्न आमन्त्रित गरिनेछ ।

## V. <u>QUESTIONS, CLARIFICATIONS AND PRE-APPLICATION MEETING</u>

**प्रश्न, स्पष्टता, र पूर्व-आवेदन बैठक:**

A pre-application meeting will be held on September 4, 2024, Nepal time at 10:00 AM virtually (a meeting link will be shared to the interested organizations).

पूर्व-आवेदन बैठक मिति २०८१ भाद्र १९ गते बिहान १०:०० बजे (नेपाल समय) भर्चुअल रूपमा आयोजना हुनेछ (रूचि राख्ने संस्थाहरूलाई बैठक लिङ्क साझा गरिनेछ)।

Offerors may submit questions and requests for clarifications regarding this EOI *<u>in writing</u>* (email correspondence accepted) no later than September 3, 2024, via USAIDIntegratedNutrition@hki.org

आशय पत्रका सन्दर्भमा थप स्पष्टता आवश्यक भएमा USAIDIntegratedNutrition@hki.org इमेल ठेगानामा मिति २०८१ भाद्र १८ भित्र प्रश्नहरू पठाउन सकिन्छ ।

All correspondence regarding this solicitation must reference the EoI Title in the subject line.
यस आशय पत्रसँग सम्बन्धित सबै पत्राचारमा विषय पंक्तिमा EoI शीर्षक उल्लेख गर्नुपर्छ।

<u>No phone calls or in-person inquiries will be accepted</u>. Any verbal information received from a Helen Keller Intl employee, or any other entity shall not constitute an official response to any questions regarding this EoI.
<u>फोन कलहरू वा व्यक्तिगतरूपमा गरिएका सोधपुछहरू स्वीकार गरिने छैनन्।</u> हेलेन केलर इन्टरनेसनलका कर्मचारी वा अन्य कुनै निकायबाट प्राप्त मौखिक जानकारीले यस आशय पत्र सम्बन्धी प्रश्नहरूको कुनै आधिकारिक उत्तरको रूपमा मान्यता पाउने छैन ।

If Helen Keller Intl determines that changes to this EoI are required, such changes will be made via formal written modification. Clarifications, interpretations, corrections, and changes to the EoI made in any other manner shall not be binding.
यदि हेलेन केलर इन्टरनेसनलले यस EoI मा परिवर्तन गर्न आवश्यक ठानेमा, त्यस्ता परिवर्तनहरू औपचारिक लिखित परिमार्जन मार्फत गरिनेछन्। यस EoI मा अन्य कुनै पनि तरिकामा गरिएका स्पष्टिकरण, व्याख्या, सुधार, र परिवर्तनहरू बाध्यकारी हुने छैनन्।

No offer, payment, consideration, or benefit of any kind shall be made, either directly or indirectly, by Applicants as an inducement or reward for the granting of a subaward.

**"Nepali translation is unofficial. In case of any dispute, the requirements and conditions written in English will prevail."**

Any such practice constitutes an illegal or corrupt practice and will result in the cancellation of the procurement, elimination of an Applicant's participation in this and future request for applications and consideration for award, or termination of an awarded subaward. Such practices may also constitute grounds for additional civil and/or criminal actions, as may be applicable.

सवअवार्ड प्राप्त गर्ने सन्दर्भमा उपअनुदान प्रदान गर्ने प्रेरणा वा पुरस्कारको रूपमा, प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा, आवेदकहरूले कुनै पनि प्रकारको प्रस्ताव, भुक्तानी, विचार, वा लाभ प्रदान गर्नु हुँदैन। कुनै पनि यस्तो अभ्यासले गैरकानुनी वा भ्रष्ट अभ्यासलाई प्रसय गर्छ र यसले समग्र खरीद प्रकियालाई रद्द, यो आशय पत्र र भविष्यका आवेदनका लागि अनुरोधमा आवेदकको सहभागि हुनबाट समेत रोक्दछ । त्यस्ता अभ्यासहरूले थप नागरिक र/वा आपराधिक कार्यहरू उपरको आधार पनि दिन सक्छ।

## VI. TERMS OF APPLICATION PROCESS
**आवेदन प्रक्रियाका सर्तहरू**

1. Helen Keller Intl may contact Applicants to confirm contact person, address, and to confirm that the application was submitted for this EoI.

हेलेन केलर इन्टरनेसनलले ले आवेदकहरूलाई सम्पर्क व्यक्तिको नाम, ठेगाना, र यो EoI को लागि आवेदन प्रस्तुत गरिएको विषयवस्तु यकिन गर्न सम्पर्क गर्न सक्दछ।

2. False Statements: Applicants must provide full, accurate and complete information as required by this solicitation and its attachments.

झूटा बयानहरू: आवेदकहरूले यस अनुरोध र यसको अनुसूचीहरूमा माग गरिए अनुसार पूर्ण, सही, र सम्पूर्ण जानकारी प्रदान गर्नुपर्छ।

3. Helen Keller Intl reserves the right in its sole discretion to:
    a. To disqualify any EOI application based on Applicant's failure to follow instructions.
    b. To waive any deviations by Applicants from the requirements of this EOI that in Helen Keller Intl's opinion are considered not to be material defects requiring rejection or disqualification.
    c. Extend the time for submission of all EOI responses after notification to all potential Applicants.
    d. Terminate or modify the EOI process at any time and re-issue the EOI to whomever Helen Keller Intl deems appropriate.
    e. Award only part of the activities in the EOI or issue multiple subawards based on EOI activities.

हेलेन केलर इन्टरनेसनलले निम्न अधिकारहरू आफ्नै विवेकमा सुरक्षित राख्छ:

- निर्देशहरू पालन नगरेको कारणले कुनै पनि आशय पत्रका आवेदनलाई अयोग्य ठहराउने ।
- आवेदकहरूले यस आशय पत्रका आशय पत्रमा माग भएका शर्तहरू मध्ये तात्विक रुपमा फरक नपार्ने त्रुटिहरू अस्वीकृति वा अयोग्यताको कारण बन्ने जस्तो गम्भीर नभएमा तिनलाई छुट दिन सकिने ।
- तोकिएको समयभित्र प्रयाप्त आशय पत्रको आवेदन नपरेमा आवश्यकता अनुसार सबै सम्भावित आवेदकहरूलाई सूचित गरेपछि समयाबधी विस्तार गर्ने ।
- कुनै पनि समयमा आशय पत्रको आवेदन प्रक्रिया समाप्त गर्ने वा परिवर्तन गर्ने, र हेलेन केलर इन्टरनेसनलले ले उपयुक्त ठानेको संस्थालाई पुनः आशय पत्रको आवेदन जारी गर्ने।
- आशय पत्रको आवेदनमा रहेका गतिविधिहरूमध्ये केहि मात्र सवअवार्ड प्रदान गर्ने वा आशय पत्रको आवेदन गतिविधिहरूको आधारमा एक वा एक भन्दा बढि सवअवार्ड जारी गर्ने ।

Helen Keller Intl reserves the right to fund any or none of the applications submitted. **Issuance of this EOI does not constitute an award commitment on the part of Helen Keller Intl.** Final award of any resultant subaward(s) cannot be made until funds have been fully appropriated, allocated, and committed by our donors. While it is anticipated that these procedures will be successfully completed, potential applicants are hereby notified of these requirements and conditions for the award. All proposal preparation and submission costs are at the Applicant's expense and will not be reimbursed.

हेलेन केलर इन्टरनेसनलले यस आशय पत्रको आव्हानमार्फत पेश गरिएका आवेदनहरूमध्ये कुनै पनि वा कुनै पनि आवेदनलाई वित्तीय सहायता प्रदान नगर्ने अधिकार सुरक्षित राख्छ। यस आशय पत्रको सूचनाले हेलेन केलर इन्टरनेसनलको तर्फबाट सवअवार्ड प्रतिबद्धताको सुनिश्चितता गर्दैन। कुनै पनि परिणाम स्वरूप सवअवार्डको अन्तिम रुप तबसम्म दिइने छैन जबसम्म सम्बन्धित दाताहरूले पूर्ण रूपमा रकम विनियोजन, बाँडफाँड, र प्रतिबद्ध गर्दैनन्। यी प्रक्रियाहरू सफलतापूर्वक पूरा हुने अपेक्षा गरिएको भए तापनि सम्भावित आवेदकहरूलाई सवअवार्डको लागि आवश्यक शर्तहरूको जानकारी गराइन्छ। सबै प्रस्ताव तयारी र पेश गर्ने लागतहरू आवेदकको खर्चमा हुनेछ र कुनै प्रकारको खर्च प्रतिपुर्ति गरिने छैन।

**"Nepali translation is unofficial. In case of any dispute, the requirements and conditions written in English will prevail."**